तलकोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

तलकोट, वझाङ

सुदुरपश्चिम प्रदेश,नेपाल

# तलकोट गाउँपालिकाको १७ औं गाउँसभा

## आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

कलक वहादुर रोकाया
गाउँसभा अध्यक्ष

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

CamScanner

*क) परिचय र समीक्षा खण्ड :*

**क) परिचय** : तलकोट गाउँपालिका बझाङ जिल्लाको उत्तरपूर्वी भागमा अवस्थित छ। यसको भूभाग १२६६ मिटर देखि ५७८७ मिटरको उचाइसम्म फैलिएकोले उच्च पहाडी तथा हिमाली हावापानी पाइन्छ । भौगोलिक अवस्थितिका हिसाबले २९ डिग्री ३२ मिनेट ३८ सेकेण्ड उत्तर देखि २९ डिग्री ४९ मिनेट ३१ सेकेण्ड उत्तरी अक्षांश तथा ८१ डिग्री ८ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर देखि ८१ डिग्री २८ मिनेट ८ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । यसको पूर्वी भेगमा बाजुरा जिल्ला, उत्तरपूर्वी भागमा हुम्ला, उत्तरमा साइपाल गाउँपालिका, पश्चिममा सुर्मा गाउँपालिका र जयपृथ्वी नगरपालिका तथा दक्षिणी भागमा मष्टा गाउँपालिका रहेका छन्। यस गाउँपालिकाको जम्मा क्षेत्रफल ३३५.२६ वर्गकिलोमिटर रहेको छ । साविकका सुनिकोट, धमेना, मेलविसौना र दाँतोला मिलाएर बनेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरू रहेका छन्।

**१) प्रमुख प्राकृतिक सम्पदाहरू :**

- गाउँपालिकाको ठीक बीच भाग भएर बग्ने सेती नदी, तलकोटी खोला र अन्य नदीनालाहरू
- समशीतोष्ण पडफड र कोणधारी वन, जुन गाउँपालिकाको ६२.९ प्रतिशत भूभागमा फैलिएको छ।
- पशुपालनका लागि उपयुक्त हिमाली चरन क्षेत्र जहाँ भेडा पालन प्रचुरमात्रामा गरिन्छ।
- विभिन्न किसिमका बहुमूल्य जडिबुटीहरू
- तरकारी, दलहन, फलफूल र खाद्यान्न बालीका लागि उपयुक्त कृषियोग्य भूमी

यस गाउँपालिका प्रमुख प्राकृतिक सम्पदा हुन । त्यसैगरी स्लेट खानी, तातोपानीका मुहान, खरिढुंगा र फलाम खानीको सम्भावनाले तलकोट गाउँपालिकालाई प्राकृतिक साधनमा थप सम्पन्न बनाएको छ।

**२) सांस्कृतिक अवस्था :**

खस सभ्यता र हिन्दू संस्कृतिको मिश्रण तलकोट गाउँपालिकाको सांस्कृतिक पहिचान हो । मौलिक परम्परागत संस्कृतिको विशुद्ध रुप यहाँ देख्न पाइन्छ। तलकोट गाउँपालिकामा मष्टो संस्कृति प्रमुख चिनारी हो भने यस अन्तरगतका विभिन्न देवी देवताप्रति जनविश्वास रहेको पाइन्छ। हिन्दू धर्मावलम्बीको बाहुल्यता रहेका कारण दशैं, तिहार, विशुपर्व, गौरा, माघे संक्रान्ती, कृष्ण जन्माष्ठमी, रामनवमी, होली जस्ता चाडपर्व मनाइन्छन् भने स्थानीय देवी देवताका मेला र जात्राहरू पर्व अनुसार मनाउने गरिन्छ । मष्टाका मन्दीर पालिकाका विभिन्न क्षेत्रमा फरक फरक नामले रहेका छन्। त्यसैगरी कालिका भगवती, मालिका समेतका मन्दीर पनि देख्न सकिन्छ। बझांगी भाषिकालाई अधिकांश जनताले मातृभाषको रुपमा प्रयोग गर्दछन् भने तापनि नेपाली भाषा स्पष्ट बुझ्न र बोल्न सक्दछन्।

**३) जनसंख्याको बनौट र अन्य तथ्यांक :**

जम्मा जनसंख्या : ११७१९ ( जनगणना २०७८)
पुरुष : ५४६२ र महिला : ६२५७
परिवार संख्या : २२४४
औषत परिवारको आकार : ५.५ जना
आर्थिक रुपले सक्रिय जनसंख्या : ५४.३ प्रतिशत
लैगिक अनुपात : ११७.४१
जनघनत्व : ३५.३६ जना प्रति वर्गकिलोमिटर

CamScanner

**४) आर्थिक अवस्था :**

क) कृषि :

भिरालो भूबनौट सहितको धरातलीय विविधतायुक्त भूमीका कारणले सघन खेती प्रणालीको विकास हुन सकेको छैन भने परम्परागत निर्वाहमुखी खेती प्रणालीको अपेक्षाकृत रुपमा रुपान्तरण हुन सकेको देखिदैन । हिमाली पाटनमा पशुपालनका कार्य भने प्रचुर मात्रमा हुने गरेका छन् । यसवाट स्थानीय नागरिकले आफ्नो आयस्तर सुधार्ने अवसर पाएका छन् ।

हिमाली हावापानीमा वर्षे मौसममा तरकारी खेतीको प्रशस्त सम्भावना देख्न सकिन्छ । कुल भूभागको ३३. ९ प्रतिशत भूभागमा कृषि तथा पशुपालनका लागि उपयोग भएको छ । बहुमूल्य जडिबुटी खेती आथिक सम्भावनाको क्षेत्रका रुपमा रहेको छ ।

ख) उद्योग व्यापार, व्यवसाय र आपूर्ति :

भौगोलिक विकटता, पूर्वाधारको न्यून विकास, अन्य भौगोलिक क्षेत्रसँगको कमजोर आवद्धताका कारणले यस गाउँपालिकामा उद्योग, व्यापार तथा व्यवसायको विकास अपेक्षाकृत हुन सकेको छैन । स्थानीयस्तरमा सानोतिनो व्यापारको कार्य भैरहेको देख्न सकिन्छ । आयात गरिने प्रमुख वस्तुहरुमा खाद्यान्न, लत्ता कपडा, निर्माण सामाग्री आदि रहेका छन् भने निर्यात गरिने प्रमुख वस्तुमा काठ तथा वन पैदावरहरु, जडिबुटी, खोटो, भेडाच्याङ्ग्रा आदि पर्दछ । उर्जामुलक ठुला उद्योगको निर्माणले तिव्रता लिएको छ । वनपैदावरमा आधारित उद्योग तथा जडिबुटी संकलन र प्रशोधन उद्योग यस गाउँपालिकाका लागि सम्भावनाको क्षेत्र हो ।

ग) वित्तिय सेवा र आम्दानी :

यस गाउँपालिकामा नियमित सञ्चालनमा रहेका सहकारीको संख्या ४ रहेको छ । १ वडा वाणिज्य वैंकको शाखा रहेको छ । करिव २८ प्रतिशत मानिस वैदेशिक रोजगारीमा जाने गरेकोमा सोबाट वार्षिक अनुमानित २५ करोड विप्रेषण प्राप्त हुने गरेका अनुमान गर्न सकिन्छ । यस गाउँपालिकामा बेरोजगारी दर १५.०५ प्रतिशत रहेको छ । करिव ४१ प्रतिशत परिवारको बैंक खाता रहेको छ । प्रतिपरिवार वार्षिक औषत आम्दानी रु १,२५,०००/– रहेको छ । वार्षिक ५ लाख भन्दा बढी आम्दानी गर्ने परिवार १९ प्रतिशत रहेका छन् ।

**५) स्वास्थ्य र पोषण :**

तलकोट गाउँपालिकाको स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवामा आधारित छ । यस गाउँपालिकाको विभिन्न क्षेत्रमा ४ वडा स्वास्थ्य चौकी र अन्य आधारभूत स्वास्थ्य केन्द्र तथा बर्थिङ सेन्टरबाट स्वास्थ्य सेवा प्रदान भैरहेको छ । यी अन्तरगत ३७ जना महिला स्वास्थ्य स्वयंसेविकाले सेवा प्रदान गरिरहेका छन् । प्राय: सबै घरधुरीले आयोडिनयुक्त नूनको प्रयोग गर्ने गरेका छन् । ५ वर्ष मुनिका बालबालिकाको कुपोषणको दर .... प्रतिशत रहेको छ । संस्थागत सुत्केरीको दर ....... प्रतिशत र पूर्ण खोप पाउने बालबालिकाको जनसंख्या ............ रहेको छ । चालू आर्थिक वर्षमा झाडापखालाको संक्रमणदर ३०५ प्रतिहजार रहेको पाइएको छ ।

६) शिक्षा :

तलकोट गाउँपालिकाको सेवा क्षेत्रमा हालसम्म उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था स्थापना हुन सकेका छैनन् । हालसम्म आधारभूत र माध्यमिक शिक्षा प्रदान हुँदै आइरहेको छ । हाल ३० वटा सामुदायिक र १ वटा संस्थागत गरी ३१ वटा विद्यालय रहेका छन् । ५ वर्ष माथिको साक्षरतादर ७१.४ रहेको छ जसमा महिला साक्षरता ६७.५ प्रतिशत तथा पुरुष ७५.४ प्रतिशत रहेको छ ।

विद्यालयमा स्वीकृत शिक्षक दरबन्दी संख्या ७० तापनि १५८ जना शिक्षक कार्यरत रहेको देखिन्छ ।

**७) खानेपानी र सरसफाई :**

यस गाउँपालिकाका कुल २२४४ घरधुरी मध्ये ७० प्रतिशत घरधुरीले धाराबाट खानेपानी उपभोग गरिरहेका छन् । खुला दिशामुक्त क्षेत्र घोषणा गरिएको भएपनि दोहोरो वसाई भएका घरधुरीमा अझै शौचालय सुविधा नपुगेको तथ्यांक छ । सार्वजनिक शौचालयको अवस्था पर्याप्त छैन । ठोस फोहरमैला र विशेष गरी नसडने प्लास्टिकजन्य फोहरको व्यवस्थापनको उचित रणनीति तयार हुन सकेको छैन । विद्यालयमा किशोरकिशोरीमैत्री शौचालय पर्याप्त छैनन् ।

**८) लैंगिक समानता र समावेशीकरण :**

महिला र पुरुषको शिक्षा, साक्षरता, सम्पत्तिमा स्वामीत्व, रोजगारीका अवसर जस्ता क्षेत्रमा असमानता विद्यमान रहेको देख्न पाइन्छ । सामाजिक प्रथाजन्य कुरितीको अन्त्य हुन सकेको छैन । जातिय छुवाछुत र अन्य विभेदजन्य परम्परा कायमै छ । वालबिबाह न्यूनीकरणमा उपलब्धी हासिल हुन सकेको छैन । हिंसाजन्य घटनामा कमी नआएको तथ्यांक बाहिर आएको छ ।

**९) पूर्वाधार :**

यस गाउँपालिका क्षेत्रमा रहेको पूर्वाधारको अवस्था निम्नानुसार छ :

| | |
|---|---|
| कच्चि सडक (४.५ मिटरभन्दा चौडा ) | २६ कि.मि |
| ग्रामीण कृषि सडक | ४९ किलोमिटर |
| पक्की मोटररेवल पुल संख्या | १ |
| झोलुंगे पुल | १३ वडा |
| सामुदायिक विद्यालय भवन | ५९ वटा |
| विद्युतीकरण भएका वडा संख्या | ७ वटै |
| राष्ट्रिय पशारण लाईन | १,२,३, र ४,५ मा विस्तार हुदै |
| मोबाइल सेवाको पहुँच | ९२ प्रतिशत |
| दुरसञ्चार टावरको संख्या | १ र दुई वटा निर्माणाधिन अवस्थामा १ र ४ मा |
| इन्टरनेट पहुँच पुगेको जनसंख्या (प्रयोगकर्ता ) | ७ प्रतिशत (अनुमानित ) |

**१०) वन तथा जैविक विविधता :**

- वन क्षेत्र : २१०.९ वर्गकिलोमिटर ( ६२.९ प्रतिशत)
- सामुदायिक वनको संख्या : १८ वटा
- हावापानी : समशीतोष्ण देखि टुन्ड्रा
- प्रमुख वन्यजन्तु : बँदेल, चितुवा, झारल, रतुवा, घोरल, कस्तुरीमृग आदि ।
- प्रमुख पंक्षीहरू : चिर, डाँफे, चिल, गिद्ध, लाटेकोसेरो, कालिज, प्युरा, भ्याकुर, भँगेरा आदि ।
- सरिश्रृपहरू : हरेउ, भाइपर, धामन सर्प समेतका सर्पका प्रजातिहरू, सुनगोहरो, विभिन्न छेपाराका प्रजाति आदि ।

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

CamScanner

**ख) सम्बोधन खण्ड :**

**सम्पूर्ण गाउँसभाका सदस्य ज्यू,**
**सचिव ज्यू,**
**सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू,**

**यस तलकोट गाउँपालिकाको १७ औं गाउँसभा अधिवेशनमा गाउँपालिकाको तर्फबाट आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।**

**सर्वप्रथम यस गौरवपूर्ण अवसरमा म नेपालको अग्रगामी लोकतान्त्रिक परिवर्तनका क्रममा भएका विभिन्न आन्दोलन, सशस्त्र संघर्ष, क्रान्ति, क्षेत्रीय आन्दोलनहरू, आदिवासी आन्दोलन, मधेश आन्दोलनसमेतका क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञान अज्ञात महान सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्राद्धाञ्जली अर्पण गर्दछु । त्यसैगरी घाइते, अपाङ्ग योद्धाको स्वास्थ्यलाभको कामना गर्दै उच्च सम्मान व्यक्त गर्दछु । बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै प्रभावित परिवारजनमा सहानुभूती व्यक्त गर्न चाहन्छु ।**

नेपाली जनताको लामो समयदेखिको बलिदानीपूर्ण संघर्ष र त्यागको परिणामस्वरुप देशमा लोकतन्त्रको स्थापना भै गणतन्त्र हुँदै संघीय शासन प्रणलीमा आइपुगेका छौं । नेपालको अग्रगामी परिवर्तनका लागि जनताले इतिहासका विभिन्न कालखण्डमा गरेका आन्दोलन, क्रान्ती तथा सशस्त्र संघर्षप्रति सम्मान व्यक्त गर्न चाहन्छु । संघीय शासनले आफ्नो परिवेश अनुरुपको शासन, विकास र सेवा प्रवाहको अवसर प्रदान गरको छ । स्थानीय जनताको सहभागीतामा शासन सञ्चालन गरी नागरिक अधिकारको प्रचलन गराउने र संविधानप्रदत्त अधिकारको उपभोग गर्ने अवसर सृजनागर्ने जिम्मेवारी हामीलाई प्राप्त भएको छ ।

संघीय शासनको अभ्याससँगै स्वायत्तता र सुशासनको अवसर प्राप्त भएको छ । गाउँको जन, धन र मनले गाउँकै विकास होस् भन्ने यसको उद्देश्य हो । विगतमा राज्यको केन्द्रबाट टाढा रहेको कारणले विकासको अवसरबाट वञ्चित हुनपुगेका जनताको सर्वाङ्गीण विकासको अवसर प्राप्त भएको छ ।

संघीय र प्रदेश तहसँगै राज्यशक्तिको अभ्यास गर्ने भूमीकामा हामी छौं । राष्ट्रिय विकासका लक्ष्य, क्षेत्रीय आवश्यकता तथा स्थानीय परिवेश भित्र रही संविधानले परिकल्पना गरेका लक्ष्य हासिल गर्नु आजको आवश्यकता हो । स्थानीय मौलिकता, भौगोलिक विशिष्टता, सामाजिक– सांस्कृतिक परिवेश अनुरुप नीतिको तर्जुमा र कार्यान्वयन गरी शासनका लाभ जनतासमक्ष पुऱ्याउन हामी प्रयासरत रहेकाछौ ।

भौगोलिक रुपले विकट, कठिन भूगोल, सामाजिक पछ्यौटेपन, न्यून साधनस्रोत, मानव साधनमा अपर्याप्त लगानी, अप्रभावकारी सामाजिक सेवा हाम्रा समस्या हुन् । त्यसैगरी स्थानीय साधनस्रोत, जनताको श्रम र न्यून पूँजीको उच्चत्तम परिचालन गरी विकास पथमा अगाडी जानु आजको चुनौती हो । तलकोट गाउँपालिकाको विकास प्रयासमा हातेमालो गर्ने सबै विकास साझेदारहरू, रचनात्मक सुझाव प्रदान गनुहुने सम्पूर्ण बुद्धिजिवी, पत्रकार, राजनीतिकर्मी, समाजसेवी, शिक्षक तथा प्राज्ञिक व्यक्तित्वहरू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र आम सर्वसाधारण नागरिकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

CamScanner

**गाउँसभा सदस्यज्यूहरु,**

स्थानीय सरकारको दोस्रो कार्यकालको तेस्रो वर्ष पूरा भएकोछ । आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम सभासमक्ष प्रस्तुत गर्ने समयमा आइपुगेका छौं । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १६ औं आवधिक योजनाको आधारपत्र, सुदुरपश्चिम प्रदेश सरकारले लिएको "समृद्ध र आतमनिर्भर सुदुरपश्चिम" को दीर्घकालीन सोच सहितको पहिलो आवधिक योजना एवम् तलकोट गाउँपालिकाको प्रथम आवधिक योजना प्रस्तुत् नीति तथा कार्यक्रमका मार्गदर्शन हुन ।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट निम्न उद्देश्यहरू हासिल हुने अपेक्षा लिएको छ :

१. गुणस्तरीय पूर्वाधार विकासका लागि विकास साझेदार तथा अन्तरतहका सरकारका बीचमा सार्थक साझेदारी हासिल हुनेछ ।
२. कृषि क्षेत्रमा लगानी परिचालन हुनुका साथै उत्पादनमा बृद्धि भै कतिपय कृषि उपजमा आत्मनिर्भर हुन सकिनेछ ।
३. वन पैदावरमा आधारित रोजगारमुलक घरेलु र साना उद्यमको विकासमा सहयोग पुग्नेछ ।
४. आधारभूत स्वास्थ्य र विद्यालय शिक्षाको गुणस्तरमा सुधार भै नागरिको पहुँच विस्तार भएको हुनेछ ।
५. सार्वजनिक सेवा प्रवाह प्रभावकारी भएको हुनेछ । संस्थागत विकास भै सुशासन प्राप्तीको दिशामा अघि बढ्न मदत पुग्नेछ ।
६. ग्रामीण सडक, विद्युतीकरण , संचार र खानेपानीमा पहुँच विस्तार भै जीवनस्तरमा सुधार भएको हुनेछ ।
७. लैंगिक, जातिय तथा प्रथाजनित विभेदको न्यूनीकरण भइ सामाजिक न्याय र समानता स्थापनामा सहयोग पुगेको हुनेछ ।
८. पोषण र आधारभूत सरसफाईको ज्ञान नागरिकस्तर सम्म विस्तार भै नागरिकको पोषणस्तरमा सुधार भएको हुनेछ ।
९. प्राकृतिक विपद तथा जलवायु परिवर्तका कारणले सिर्जना भएका संकटको सामना गर्ने क्षमताको विकास भएको हुनेछ । विपदमा मानवीय संकटको सामना गर्ने सक्षमता हासिल भएको हुनेछ ।

उपरोक्त उद्देश्य हासिल गर्नका लागि विकास साझेदार संस्थाहरू, संघीय र प्रादेशिक सरकारको सहयोग तथा हाम्रो आन्तरिक स्रोत परिचालन गरिनेछ । विगतका भोगाइ र सिकाइले आगमी विकास प्रयासलाई मार्गदर्शन प्रदान गर्ने अपेक्षा लिएको छु ।

**गाउँ सभा सदस्यज्यूहरु,**

अब म चालू आर्थिक वर्षमा विभिन्न क्षेत्रमा गरिएको विनियोजन र खर्चको संक्षिप्त विवरण प्रस्तुत गर्न गइरहेकी छु :

| सि न | क्षेत्र | कुल विनियोजन रकम | हाल सम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | ७,२६,३२,७५६ सात करोड छविस लाख वतसि हजार सात सय छपन्न, | २,९१,८४,३०६ दुइ करोड एकानब्वै लाख चौरासी हजार तनि सय छ, | ४०.१८ चालसि दशमलव अठार |
| २ | सामाजिक विकास | १३,०३,७४,४०० तेह्र करोड तनि लाख चौरहतर हजार चार सय | ६,१४,७७,२३७ छ करोड चौध लाख सतहत्तर हजार दुइ सय सैतिस | ४७.१५ सच्चालिस दशमलव पन्ध |
| ३ | आर्थिक विकास | २,७३,०५,००० | ७०,५४,६२४सतरी | २५.८३ पच्चिस |

कलक बहादुर [illegible]
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | दुइ करोड त्रिहत्तर लाख पाँच हजार | लाख चौपन्न हजार छ सय चौबिस | दशमलव आठ तिन |
| ४ | बन वातावरण तथा विपद व्यवस्थापन | १,००,००,००० एक करोड | ९,२५,३६५ नौ लाख पच्चिस तिन सय पैसठी | ९.२५ नौ दशमलव दुइ पाँच |
| ५ | सुशासन तथा संस्थागत विकास | १,२७,७३,००० एक करोड सत्ताइस लाख त्रिहत्तर हजार | ५६,३०,६०९ छपन्न लाख तीस हजार छ सय नौ | ४४.०८ चवालिस दशमलव शुन्य आठ |
| ६ | प्रशासनिक | १५,०१,५१,६०० पन्ध्र करोड एक लाख एकाउन्न हजार छ सय | ११,४४,०९,११६ एघार करोड चवालिस लाख नौ हजार एक सय सोह्र | ७१.४३ एकहत्तर दशमलव चार तनि |
| | जम्मा | ४०,३२,३६,७५६ चार करोड बत्तीस लाख छत्तिस हजार सात सय छपन्न | २१,७७,५५,८९४ एक्काइस करोड सतहत्तर लाख पचपन्न हजार आठ सय चौरानब्बे | ५४ चौपन्न प्रतिशत |

गाउँसभा सदस्यज्यूहरु,

यसपछि आगामी वर्षमा लिइने क्षेत्रगत नीतिहरू प्रस्तुत गर्न गइरहेकोछु :

**क) पूर्वाधार विकास :**

१. विकासको प्रमुख पूर्वाधार सडकको विकासमा जोड दिइ गाउँपालिकाको केन्द्रलाई सदरमुकाम जोड्ने मुख्य सडकको सुधार र स्तरोन्नती प्रारम्भ गरिनेछ।
२. ग्रामीण विद्युतीकरणलाई प्राथमिकतामा राखी ४,५,६ र ७ वडामा केन्दीय प्रसारण लाइनको पहुँच विस्तारको कार्य गरिनेछ।
३. दूरसञ्चारमा जनताको पहुँच विस्तार गर्न गाउँपालिका क्षेत्रमा रिपिटर टावर सञ्चालनका लागि सेवा प्रदायक निकायसँग सहकार्य गरिनेछ।
४. आयोजना सञ्चालनको सम्पूर्ण तयारी भएका योजनामा मात्र रकम विनियोजनको नीति लिइनेछ।
५. पूर्वाधार विकास सम्वन्धी स्पष्ट नीति र कानूनको व्यवस्था गरिनेछ।
६. आवश्यकता र औचित्य हेरी विद्यालय भवन पूर्वाधार, खानेपानी विस्तार, सिंचाइ पूर्वाधारका क्षेत्रमा रकम विनियोजन गरिनेछ।
७. उपभोक्ता समितिवाट सञ्चालन हुने सामुदायिक पूर्वाधार योजनाको सम्भाव्यता, प्राप्त हुने लाभ वा प्रतिफल र लागत साझेदारीलाई प्राथमिकीकरणको आधारका रुपमा लिइनेछ।
८. समपुरक र विशेष अनुदानमा सञ्चालित आयोजनालाई पूर्णता दिइ सञ्चालनमा ल्याइनेछ।
९. औद्योगिक ग्राम र खेलग्रामको स्तरोन्नती गर्न सम्वन्धित निकायसँग सहकार्य गरिनेछ।
१०. आधारभूत अस्पताल निर्माणको कार्यतालिकालाई पूर्णतया कार्यान्वयनमा ल्याइनेछ।
११. समयमा सम्पन्न र गुणस्तर कायम नगर्ने उपभोक्ता समिति र निर्माण व्यवसायिकलाई कानुनी कारवाही ( कालो सूची ) गर्ने नीति लिईने छ।
१२. असाडे प्रविधिलाई अन्त्य गर्ने नीति लिईनेछ।
१३. उपभोक्ता समितिवाट निर्माण हुने योजनामा २.५ प्रतिशत धरौटी जम्मा गर्ने नीति लिईएकोछ।
१४. आयोजना विवाद समाधान समिति गठन गरि किनारा लगाउने नीति लिएको छ।

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

१५. पालिका भित्र रहेका नदि खोला तालतलैया वन जंगलहरुमा उपलब्ध हुने खनिज वस्तुहरुको IEE / EIA गरिनेछ ।

**ख) सामाजिक विकास :**

१. शिक्षा :

क) शैक्षिक क्यालेन्डर निर्माण गरी पठनपाठनलाई व्यवस्थित गरिनेछ ।

ख) गाउँ शिक्षा योजनालाई अध्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ । यसबाट विद्यालय शिक्षाको गुणस्तर सुधार हुने अपेक्षा गरिएको छ ।

ग) सवै विद्यालयमा विद्यार्थी शिक्षकको अनुपात मिलाउन विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्य गरिनेछ ।

घ) आधारभूत कक्षा ८ र १० का विद्यार्थीहरुको शैक्षिक नतिजा सुधार गर्न अतिरिक्त कक्षा व्यवस्था गरिनेछ ।

ङ) समय सापेक्ष शिक्षण सीप विकासका लागि शिक्षकलाई तालिमको प्रबन्ध मिलाइने छ । शैक्षिक जगतमा उच्च ज्ञान प्राप्त गर्नुभएका प्राज्ञिक व्यक्तिसँग विद्यालय शिक्षकको साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

च ) विद्यालयमा अतिरिक्त क्रियाकलापलाई प्रोत्साहन गरिनेछ । आवश्यकता र औचित्य हेरी अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

छ ) सामुदायिक विद्यालयको कक्षा ५ र ८ को वार्षिक परिक्षा गाउँपालिका स्तरिय सञ्चालन गरि सबै विद्यालयहरुमा शिक्षणं सिकाईमा एकरुपता कायम गरि मुल्याकंन गरिनेछ ।

ज ) बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको न्यूनतम पारिश्रमिकमा गाउँपालिकाबाट दिइने अनुदानलाई निरन्तरता दिइनेछ ।

झ ) आधारभूत तह परीक्षा र माध्यामिक तहमा उत्कृष्ट शैक्षिक उपलब्धी हासिल गर्ने विद्यार्थिलाई प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

ञ ) स्थानीय पाठ्यक्रमको समय सापेक्ष सुधार गरी सन्दर्भ सामाग्री निर्माण गरिनेछ ।

ट) विषयगत शिक्षकहरुलाई तालिम, कार्यशाला गोष्ठी शैक्षिक प्रदर्शनी जस्ता कार्यक्रमहरुमा सहभागी गराई नतिजा सुधारमा जोड दिईनेछ ।

ठ) विद्यालयमा बालबालिकाको स्वास्थ्य परीक्षण, जुकाको औषधी तथा आईरन फोलिग एसिड चक्कि समयमै खुवाउने प्रवन्ध मिलाई स्वस्थ रहि शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ ।

ड) माध्यामिक विद्यालयहरुमा किशोर किशोरी मैत्री सूचना केन्द्र स्थापना र सुदृढिकरण गरि किशोर किशोरीहरुलाई जीवन उपयोगी सिप प्रदान गरी सकारात्मक समाज निर्माणमा अग्रसर गराईनेछ ।

ढ) विद्यालयहरुमा विद्यार्थीसंग अध्यक्ष भेटघाट कार्यक्रमको नीति लिईएको छ ।

ण) सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा कायम गर्न प्रविधिमैत्री शिक्षामा जोडदिन विद्यालयहरुमा स्मार्ट वोड तथा कम्प्युटरको व्यवस्थापन गरिनेछ ।

त) सामुदायिक विद्यालयका शिक्षकहरुलाई पाठयक्रम प्रयोग सम्बन्धी तालिम तथा पुर्नताजकिय तालिम संचालन गरिने छ ।

थ) कमजोर सिकाई भएका विद्यार्थीहरुको छुटै समुह निर्माण गरी सिकाइ आपुरणको लागि अतिरिक्त कक्षाहरु सञ्चालनं गरिनेछ ।

द) विद्यालयहरुमा स्वच्छ खानेपानीको आपुर्ति गर्न भेन्डीग मेसिन जडान गरिनेछ ।

**२. स्वास्थ्य र पोषण :**

१. आधारभूत स्वास्थ सेवाको पहुँच जनताको घरदैलोबाट २० मिनेट भन्दा कम दुरीमा उपलब्ध गराउने नीति लिइएको छ ।

२. नेपाल सरकारको नीति अनुरुप तोकिए वमोजिमका निःशूल्क प्रदान गरिने औषधीको पर्याप्त आपूर्तिको

कमल बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

प्रबन्ध मिलाइने छ ।
३. स्वास्थ्य सेवा सम्बन्धी प्रतिवेदन प्रणालीलाई नियमित र भरपर्दो बनाइनेछ ।
४. विद्यालयमा प्याकेट बन्द खानालाई निरुत्साहन गरी स्थानीय कृषि उत्पादनमा आधारित दिवा खाजाको नीतिलाई कार्यान्वयन गरिनेछ ।
५. स्वास्थ्य हो जिवनको टेवा मुस्कान सहित गरौ सेवा भन्ने मुल नाराका साथ सेवा विस्तार गर्ने नीति लिइएको छ ।
६. मेलबिसौना पाँच सैयाको अस्पताल संचालन तथा सेवा प्रवाह यो आर्थिक वर्ष सरु गरिनेछ ।
७. पोषण पाश्वचित्र निर्माण गरी कार्यान्वयनका लागि वजेट विनियोजन गरिनेछ ।
८. दिवाखाजा व्यवस्थापनका लागि विद्यालयसम्म खाद्यान्न ढुवानीको व्यवस्था मिलाइनेछ ।
९. पोषण र खाद्य सुरक्षा कार्यक्रमलाई निरन्तरता दिदै टोल तथा वडालाई पोषण मैत्री बनाउन अभियान सचालन गरी २ वटा वडालाई पोषण मैत्री वडा घोषणा गरिनेछ ।
१०.आयुर्वेद सेवालाई थप निरन्तरता दिदै सेवा विस्तार गरिनेछ ।
११. आखाँ उपचार सेवा केन्द्रलाई निरन्तरता दिदै सेवा सुचारु गरिनेछ ।
१२. कुपोषणको अन्त्य, मानव पुंजी निर्माण र सम्रग सामाजिक, आर्थिक विकास गर्ने दिर्घकालिन लक्ष्य सहित पोषणको दृष्टिकोणले पाँच वर्ष मुनिका बालबालीका, किशोर किशोरी र प्रजनन उमेर समुहका महिलाहरुका लागि पोषण सचेतना , आर्थिक तथा वस्तुगत सहायता लगाएतका लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।
१२. पालिकालाई पूर्ण खोप, पूर्ण संस्थागत सुत्केरी घोषणा तथा दिगोपना सुनिश्चिता लगायत कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१३. तलकोट गाउँपालिकामा योगाध्यान प्रणायाम कार्यक्रमलाई निरन्तरता दिइ सबैको पहुँचमा पुराइनेछ ।
१४ .स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयम सेविकाको क्षमता अभिवृदि कार्यक्रमलाई नितिको रुपमा लिईने छ ।
१५. फोहोर मैलाको उचित विर्सजन र सरसफाई कार्यक्रमलाई व्यवस्थित गर्न डमपिङ्ग क्षेत्र तोकिनेछ । प्रत्येक संस्थाहरुमा शुक्रवारका दिन सरसफाई कार्यक्रमको निति लिइने छ ।
१६. दुर्व्यसनीमा परेका किशोर किशोरीहरुलाई दुरवेसनीवाट बचाउन जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
१७. पालिका स्तरमा रहेका ज्येष्ठ नागरीकहरुलाई शक्तिवर्धक र स्तनपाई आमाहरुलाई दुग्ध बर्धक औषधी वितरण गरी नसर्ने रोग पहिचान सम्वन्धी घुम्ती शिविरको निति लिईने छ ।
१८) ७० बर्ष माथीका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य विमामा जोडिने नीति लिइनेछ ।
१९) एम्वुलेन्स मागका लागि विभिन्न सरोकारवाला निकायहरु संग समन्वय सहकार्य गरी माग गरिनेछ ।
२०) आँखा उपचारका लागि विद्यालय समुदायमा घुम्ती शिविर संचालन गर्ने नीति लिइने छ ।
२१) दन्त उपचारका लागि स्वास्थ्यकमीहरुलाई तालिमको व्यवस्था मिलाउने नीति लिइनेछ ।
२२) पालिका स्तरमा रहेका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई पालिका भित्र जुनसुकै स्वास्थ्य संस्थामा कामकाजमा खटाई स्वच्छ सेवा प्रदान गर्ने नीति लिइनेछ ।
२३) खौला वजारमा रहेको फोहर मैला व्यवस्थापन गर्ने निती लिइनेछ । ठोस फोहरमैलाको उचित व्यवस्थापनका लागि डम्पिङ साइटको पहिचान गर्ने र संरचना निर्माणको प्रकिया अगाडी बढाइनेछ ।

## ३. खानेपानी र सरसफाई

१) पालिका भित्र एक घर एक धाराको नीतीलाई निरन्तरता दिदै जलवायु परिवर्तन स्थानिय अनुकुलन परियोजना सँगको साझेदारीमा थप खानेपानी, बहुउपयोगी योजनाहरु निर्माण गर्ने नीति लिईएको छ ।
२) जलवायु परिवर्तनका कारण पानीका मुहान सुक्दै गएको र खानेपानी तथा जलश्रोतको समग्र व्यवस्थापनमा समस्या देखिएकाले गाउँपालिका भित्रका पानीका मुहान संरक्षणका लागि सरोकारवाला निकायहरुसंगको साझेदारीमा पुनर्भरण पोखरी तथा अन्य संरचनाहरु निर्माण गर्ने नीति लिईएको छ ।

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

CamScanner

३) हाल सम्म सम्पन्न भएका खानेपानी तथा सरसफाई योजनाहरुको वितरण नियमित मर्मत सम्भार तथा सचालनका लागि पालिका स्तरमा उपभोक्ता समितिहरुको क्षमता विकास, प्रभावकारी अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गरि प्रभावकारी परिचालन गरिने छ।

४) समस्याग्रस्त खानेपानी योजनाहरुको पुन: व्यवस्थापन तथा सुचारु गरिने छ। साथै गाउँपालिकाका सुख्खा ग्रस्त क्षेत्रहरुमा खानेपानीका लागि वैकल्पिक विधीहरु अपनाई खानेपानी आपुर्तिको व्यवस्थापन गर्ने नीति लिईएको छ।

५) नियमित रुपमा हरेक ३ महिनामा खानेपानीको गुणस्तर परीक्षणको कार्य गरिनेछ।

६) ढल निकासको अवस्था र सम्भाव्यता अध्ययन गरी पूर्वाधार संरचना निर्माण गरिने छ ।

७) वास तथा वातावरण ईकाइको क्षमता विस्तार गरिनेछ।

८) गाउँपालिका भित्र अवस्थित बजार एरियामा ठोस फोहरमैलाको उचित व्यवस्थापनका लागि डम्पिङ साइटको पहिचान गर्ने र संरचना निर्माणको सम्भाव्यता अध्ययन गरिने छ।

९) सार्वजनिक शौचालयको मर्मत सुधार गरी सेवा विस्तार गरिनेछ।

१०) गाउँपालिकाको वास योजना , एकिकृत जलश्रोत व्यवस्थापनका लागि स्थानीय अनुकुलन कार्ययोजना (लापा) निर्माणका लागि सरोकारवालाहरुसंग समन्वय गरी कार्यान्वयनमा ल्याईने छ।

**४. भाषा, कला र संस्कृति :**

१) परम्परागत संस्कृतिको जगेर्ना गर्न स्थानीय मेलालाई व्यवस्थित ढंगले सञ्चालन गरिने छ।

२) स्थानीय उत्पादनमा आधारीत वस्तुहरुको संरक्षण प्रर्वधन गर्न पहल गरिने छ।

३) पञ्चेबाजाको संरक्षण गर्न स्थानीय शिल्पीलाई तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइने छ।

४) स्थानीय कला, सभ्यता, इतिहास र संस्कृतिको खोजी गरी स्मारिका प्रकाशनको कार्य गरिने छ।

**५.सामाजिक न्याय, समानता, समावेशीकरण र अन्तरसम्बन्धित विषयहरू :**

१) लैंगिक समानता र सामाजिक समावेशीकरण नीतिको पुनरावलोकन गरी कार्यान्वयनमा लगिनेछ।

२) विपन्न महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिने छ।

३) बाल–बिबाह बहुबिवाह जस्ता सामाजिक समस्याको न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

४) घरेलु हिंसा, लैंगिक हिंसा र अन्य कुनै पनि किसिमका हिंसा एवं उपेक्षाबाट पिडित महिलालाई तत्काल सहायता प्रदान गर्न जनशक्ति परिचालन गरिने छ।

५) लैंगिक हिंसा निवारण कोषको सञ्चालनलाई व्यवस्थित गरिने छ।

६) महिला आमा समूहको दर्ता प्रणालीलाई व्यवस्थित गरिने छ।

७) अति विपन्न असहाय र अनाथ बालबालिकाको संरक्षण गरी तिनको आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइने छ।

८) घरेलु तथा यौनजन्य हिंसा पिडित महिलालाई कानूनी उपचार सहायता प्रदान गरी समाजमा स्थापित हुन सहयोग गरिने छ।

९) सामाजिक कुप्रथा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

१०)दलित, अल्पसंख्यक, फरक क्षमता भएका मानिसको सामाजिक जीवनमा सहभागिताको अवसरलाई सुनिश्चित गर्न बस्तीस्तरमा सञ्चालन हुने कार्यक्रम तथा योजनामा सहभागितालाई अनिवार्य गरिएको छ।

११) लागू औषध दुव्र्यसन, कुलतमा लाग्न सक्ने किशोर र युवाका लागि सामाजिक बचाउका प्रयासका रुपमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

१२) स्थानीय बाल अधिकार समितिलाई प्रभावकारी बनाइ बाल कल्याण अधिकारीको जिम्मेवारी तोकिने छ।

१३. न्यायिक समितिवाट सम्पादन हुने विवाद तथा मुद्दालाई छिटो छरितो र पारदर्शि रुपमा सम्पादन गरी मेलमिलापवाट विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई थप प्रभावकारी वनाईने छ।

१४) अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिईनेछ। अपाङ्गता भएका व्यक्तिको सहज पँहुचका लागि घुम्ती परिचय पत्र वितरण शिविर

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

संचालन गरिनेछ।

१५) न्यायिक समितिको इजलास निर्माण गरी सचालनमा ल्याइने छ।

## ग) आर्थिक विकास :

**१. कृषि :**

क.) बिभिन्न तरकारी तथा फलफुल उत्पादन पकेटहरु पहिचान गरी साझेदार निकायहरुको साझेदारीमा विभिन्न आर्यआजनका कार्यक्रमहरु संचालन गरिनेछन् सोका लागि जलवायुमैत्री तरकारी फलफुल खेती प्रर्वद्धन गरिनेछ।

ख) भुगोल र वातावरण सुहाउदो कृषि उत्पादनलाई प्रोत्साहंन गरिनेछ , कृषि क्षेत्रलाई आधुनिकरण तथा यान्त्रीकरण र व्यवसायिकरण गर्ने नीति लिईएको छ।

ख). स्थानीय स्तरमा उत्पादन हुने कोदो, सिमी, लगायतका कृषिजन्य र घिउ मह जस्ता पशु पशुजन्य उत्पादनलाई पहिचान पत्र प्रदान गरि वजारिकरणमा सहयोग गर्ने।

ग) कृषि विकास अभियान, रैथाने वाली हाम्रो पहिचान नाराका साथ परम्परागत र पोषणयुक्त रैथाने वालीहरुको संरक्षण तथा खेती विस्तार गरिनेछ। गाउँपालिका भित्र सदियौ देखी खेती गरिदै आएका रैथाने वालीहरु जस्तै: मकै,धान, गहु, जौ, कोदो, सोइटा, सास, गत, फापर, भटमास, टिमुर,आलु र गुराउँस दाल आदिको उत्पादन वढाउने किसानलाई प्रोत्साहन अनुदान प्रणालीको व्यवस्था गरिनेछ।

घ) कृषिको तथ्याङ्क संकलन र प्रतिवेदनलाई नियमित रुपले सुचारु गरिने छ।

ङ.) रासायनिक मल विस्तापनका लागि गोठे तथा कम्पोष्ट मल तयार र व्यवस्थापनमा जोड दिइने नीतिलाई निरन्तरता दिईने छ। सोका लागि कृषि शाखा तथा जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको साझेदारीमा विभिन्न क्षमता विकास तथा अभियान कार्यक्रम संचालन गरिने छ।

च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको प्रयोगलाई निरुत्साहनको निति लिइने छ। किटनासक विषादीको सट्टामा प्राङगारिक जैविक विषादी उत्पादन गर्न कृषर्कलाई तालिम दिईने छ।

छ.) एक घर एक करेशावारीको कार्यक्रमलाई निरन्तरता दिइने छ।

ज) माटोको प्रकृती , जग्गाको धरातलिय अवस्थाका आधारमा सिचाईका विभिन्न प्रविधीहरु जस्तै पाईप सिचाई, पोखरी सिचाई, थोपा सिचाई, लिफ्टीग सिचाई र सिचाई नहर योजना संचालन गर्ने नीति लिईएको छ।

झ) अमिलो जात फलफुलका लागि वहुउदेश्यीय नर्षरी स्थापना गर्न कृषकलाई पोत्साहन गरिनेछ।

ञ) स्थानीय स्तरमा उत्पादित वस्तु विक्री वितरणका लागि हाट वजारको व्यवस्था गरीने नीति लिएनेछ।,

ट) दिवा खाजा व्यवस्थापन तथा विद्यालयमा तरकारी आपुर्तिलाई निरन्तरता दिइनेछ।

**२) पशुपंक्षी :**

क.) पशु सेवा शाखा तथा विभिन्न वडा वाट दिदै आएको पशुपन्छि उपचार सेवालाई निरन्तरता दिदै आगामी आ.व.वाट वडा नं. १ र २ वाट निरन्तर पशुपन्छि उपचार सेवा उपलव्ध गराईनेछ।

ख). परम्परागत गोठलाई सुधार गरी गहुँत संकलन गर्ने र कृषिमा मलको रुपमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

ग), पशुमा लाग्ने संक्रमण रोग रोगथामका लागि Vaccine को व्यवस्था गरिनेछ।

घ). पशु जन्य उत्पादन वृद्धिका लागि कृत्रिम गर्वाधान तथा प्राकृतिक प्रजननमा प्राथमिकता दिईनेछ।

ङ) पशु स्वास्थ्य सेवालाई घरदैलोमा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

च) दुग्ध पदाथ, अण्डा तथा मासुजन्य वस्तुको उत्पादन तथा निर्याततलाई प्रर्वधन गरिनेछ। पशुपन्छि जन्य रोग नियन्त्रणका लागि खोप कार्यक्रम अभियान संचालन गरिनेछ।

छ.) पशुपन्छि रोग निदान तथा विभिन्न परिक्षणका लागि गाउँपालिकामा प्रयोगशाला स्थापना गरिनेछ।

कलक बहादुर तोकाया
गाउँपालिका कार्यक्र

CamScanner

ज) गाउँपालिकामा रहेको एक मात्र ( पशु विज्ञान) प्राविधिक धारको विद्यालय दुर्गा भवानी मा.वि.बाट बर्षेनी प्राविधिक जनशक्ती उत्पादन भई रहेको अवस्थामा प्राविधिक जनशक्तीलाई पढ्दै कमाउदै कार्यक्रम सँग जोडिनेछ

झ) दलित परिवार लक्षित पशुपालन आर्यआर्जन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ञ) विभिन्न पशु तथा पंन्छि को उत्पादनको आधारमा पकेट क्षेत्र निर्धारण गरी अनुदान कृषि उपकरण तथा तालिम कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका भित्र बाट निर्यात तथा पैठारी हुने भैसीलाई पूर्णतया रोकथामको लागी आवश्यक प्रकिया अगाडी बढाइनेछ ।

ट) भेरे माउरी जगली मह सकलन गर्ने व्यवस्था मिलाईने छ ।

## ३) पर्यटन

क). तपोवन पर्यटकीय क्षेत्र गुरुयोजना अद्यावधिक भई पुर्वाधार विकास गरी व्यवस्थापनका लागि संरक्षण समिति गठन गरिनेछ ।

ख) आन्तरिक पर्यटन प्रर्वद्धन गर्न प्रचार प्रसार गरिनेछ ।

ग) गाउँपालिका क्षेत्र भित्र Home stay (घरवास )लाई प्रोत्साहन गरिनेछ ।

घ) पदयात्री र पर्यटकका लागि सुचना तथा सर्म्पक केन्द्र स्थापना गरिनेछ ।

ङ) पालिका भित्र रहेका महत्वपूर्ण धार्मीक पर्यटकीय प्राकृतिक सम्पदाहरुको फोटो प्रदशनीमा राखी प्रसार प्रचार गर्ने नीति लिइनेछ ।

## ४) सहकारी क्षेत्र , रोजगार र गरिवी निवारण

क). सहकारी ऐनको प्रभावकारी कार्यान्वयन गरि नियमनको दायरामा ल्याइनेछ ।

ख). सहकारी सम्वन्धी गुनासोलाई यथासम्भव छिटो सम्वोधन गरिनेछ ।

ग) गरिव परिचयपत्र कार्यक्रम सञ्चालनका लागि वजेट व्यवस्था गरिनेछ ।

ङ) अति विपन्न नागरिकको स्वास्थ्य बीमाको प्रिमियम व्यहोर्ने बजेट व्यवस्था गरिनेछ ।

च) सहकारी एकिकरणलाई प्रोत्साहन गरिने छ ।

छ) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गहरुहरु उद्यमशिलता विकास तालिम दिई सिप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

ज) राष्ट्रिय रोजगार कार्यक्रमलाई संघीय सरकारको नीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

झ) रोजगार संवाद मञ्चको प्रभावकारी परिचालन तथा रोजगार रणनीति अध्यावधीक गरी आन्तरिक रोजगार प्रर्वद्धन गरिनेछ ।

## ५) उद्योग व्यवसाय र व्यापार

क) वजारको नियमित अनुगमन गरि स्वच्छ बजार प्रतिस्पर्धा कायम गरिनेछ । दर्ता नभई सञ्चालनमा रहेका व्यवसायीहरुलाई दर्ता प्रकियामा ल्याई करको दायरा भित्र ल्याइनेछ । गैर व्यापारीक क्रियाकलापहरु नियन्त्रण गरिनेछ ।

ख). उद्योग व्यवसायकको दर्ता गर्ने व्यवस्था मिलाई सवै व्यवसायलाई राजश्व प्रणालीमा सुचिकृत गरिनेछ ।

ग). गाउँपालिका स्तरमा स्थानीय उद्योगहरुलाई पहिलो वर्षमा लिइने स्थानीय करमा २५ प्रतिशत छुट दिइनेछ ।

घ). उद्योग्रामको व्यवस्थापन गरी सिपमूलक तालिम संचालनको दायरामा लगिनेछ ।

ङ). जडिबुटीजन्य उद्योग स्थापनाका लागि मेसिनरी औजार खरिदमा सहायता प्रदान गरिनेछ ।

च) .जल जमिन जंगलका माध्यामवाट स्थानियश्रोतको सदुपयोग गरि उद्योग स्थापनामा आवश्यक

कलक बहादुर राकाया
गाउँपालिका अध्यक्ष

सहयोग र समन्वय गरिने छ ।

ढ) पालिकाको सबै वडाहरुमा उद्यमशिलता कार्यक्रमको प्रभावकारीताका लागि उद्यमशिलता प्रर्वद्धन गरिनेछ ।

## घ) वन वातावरण तथा विपद व्यवस्थापन

क) सामुदायिक तथा कबुलियत वनको कार्ययोजनाहरु नवीकरण गरी सो वनमा संरक्षण, सम्वर्द्धन तथा सदुपयोगका क्रियाकलापहरु संचालनमा साझेदारी गरिनेछ ।

ख) वन जंगलमा हुने आगलागी र डढेलोवाट हुने जनधनको क्षेती तथा वातावरणीय प्रदुषण रोक्न विभिन्न सूचना तथा संचार सामग्री विकास गर्नुका साथै सम्वन्धित सरोकारवालाहरुको समन्वयमा वन डढेलो नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ ।

ग) प्रारम्भिक वातावरणीय ( प्रभाव मुल्याङ्कन ) परीक्षणलाई विकास निर्माण आयोजना सञ्चालन गर्न अनिवार्य गरिनेछ ।

घ) खोलामा विषादी प्रयोग गरि वा करेन्ट लगाई माछा मार्ने कार्य नियन्त्रण गरिनेछ ।

ङ) विपद प्रतिकार्य योजना तयार गर्नुका साथै द्रुत प्रतिकार्य टोलीलाई दुरुस्त अवस्थामा राखिनेछ ।

छ) चरिचरण नियन्त्रण तथा प्राकृतिक सम्पदा संरक्षणका निमित्त कार्यक्रमहरु संचालन गरिने छ ।

ज) विपद व्यवस्थापन कोष कार्यविधि तयार गरि लागु गरिने छ ।

झ) विपद जोखीम क्षेत्रको पहिचान गरी सम्भावित क्षतिलाई न्यूनिकरण गर्न योजना निर्माण गरि गाउँपालिकाको विपद जोखिम नक्सांकन गरिनेछ ।

ञ) पालिकाका विभिन्न क्षेत्रमा वृक्षारोपणका लागि आवश्यक विरुवा उत्पादनका लागि वहुउदेशीय नर्षरी स्थापना गरिनेछ ।

ट) सामुदायिक वन उपभोक्ता समुहको सहकार्यमा वन क्षेत्र अतिक्रमणलाई निरुत्साहन गर्न आवश्यक पहल गरिनेछ ।

ठ) विपद् पिडितहरुको राहत तथा उदारका लागि स्थापना गरिएको कोष वृद्धि गरिनेछ । विपद पिडितहरुलाई एकद्धार नितिमा ल्याई वितरण प्रकिया अगाडी बढाइनेछ । कोषमा रकम थपका लागि विभिन्न निकाय तथा सरोकारवालाहरुलाई सहकार्य गरिनेछ ।

८) मृतकका परिवारलाई किरिया खर्च उपलव्ध गराईने नीति लिईएको छ ।

## ङ) संस्थागत विकास तथा सुशासन

क) सार्वजनिक सेवा प्रवाहका लागि आक्श्यक पुर्वाधार संरचना र उपकरणको पर्याप्त व्यवस्था मिलाइनेछ ।

ख) सेवाग्राहीले सेवा प्राप्त गर्दा आवश्यक पर्ने फारम र ढाँचाहरु सहजरुपले प्राप्त गर्ने व्यवस्था मिलाउन Web site मा स्वीकृत ढाँचाहरु राखिनेछ ।

ग). सबै सार्वजनीक सेवा प्रदायक इकाईलाई इमेल र सामाजिक सञ्जालका माध्यममा जोडिनेछ ।

घ.) आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।

ङ). सेवा प्रदान गर्ने निकायमा कार्यरत कर्मचारीलाई समय सापेक्ष तालिम प्रदान गरिनेछ ।

च). सबै वडाहरुमा मेलमिलाप केन्द्रहरुको क्षमता विकास गरी सहज सेवा प्रवाह मिलाउने छ ।

छ). आयोजनाको तयारी पुरा नगरी रकम विनियोजन गर्ने पद्धतिलाई निरुत्साहन गरिनेछ । आयोजनाको विस्तृत अध्ययन पुरा भएपछी श्रोत विनियोजन गरि कार्यान्वयनमा लिइनेछ ।

ज). गाउँपालिकाबाट प्रदान गरीने सेवाहरुलाई थप चुस्त दुरुस्त बनाउन आवश्यक ऐन, कानुन कार्यविधि निर्माण गरी अनुमोदन गर्ने तथा राजपत्रको प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

कलक बहादुर शाह्या
गाउँपालिका अध्यक्ष

CamScanner

झ) राजश्व प्रणालीको सुदृढीकरण गरी SuTRA प्रणालीवाट राजश्व बुझ्ने र प्रतिवेदन गर्ने प्रणालीलाई तदारुकताका साथ लागु गरिनेछ ।

ञ) वेरुजुको आकार निरन्तर वृद्धि हुदै गएकाले कार्यदल गठन गरी वेरुजुको फछ्यौं गर्न सार्वजनिक लेखा समितिमा प्रस्ताव पेश गर्न लगाइनेछ । साथै असुल उपर वेरुजुलाई दाखिला गर्न लगाई वेरुजुको आकार घटाइनेछ ।

ट) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षणलाई हरेक आयोजना र कार्यक्रममा अनिवार्य गरिनेछ ।

ठ) सार्वजनिक सम्पतिको दुरुपयोग रोक्न सार्वजनिक निकाय तथा विद्यालयहरुमा जिन्सी निरीक्षणलाई अनिवार्य गरिनेछ ।

ड). खरिद प्रणालीलाई व्यवस्थित गर्न खरिद समितिको क्षमता अभिवृद्धि गरिने तथा सार्वजनिक खरिदलाई एकद्धार प्रणालीवाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

ढ) कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि वजेट विनियोजन गरिनेछ ।

ण) नवीनतम् प्रविधिको प्रयोग गरी राजश्वको संकलनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सवै वडा कार्यालयवाट सफ्टवेयर प्रणाली मार्फत राजश्व संकलन गर्ने व्यवस्था लागु गरिनेछ ।

त) शिक्षक, कर्मचारी तथा राष्ट्रसेवक कर्मचारी सवैको सामाजिक सुरक्षा तथा कल्याणकोष सम्वन्धी कार्य संचालन गरिनेछ ।

थ) सेवाग्राहीलाई गाउँपालिकावाट लिने सेवामा सहजिकरण गर्नका लागि हेल्प डेक्सको स्थापना गरी संचालन गरिने छ ।

द) शिक्षक, कर्मचारी र पदाधिकारीहरुलाई असल अभ्यास अनुशरण तथा अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

ध) वजार अनुगमनलाई प्रभावकारी वनाई उपभोक्ता हित विपरित काम गरेको पाइएमा कारवाहीको दायरामा ल्याइनेछ ।

न) सरकारी तथा सार्वजनिक जग्गा संरक्षणका लागि नापी तथा मालपोत कार्यालयवाट जग्गाको कित्ता नं. क्षेत्रफल किसिम अवस्थित्त लगाएतका विवरण र फिल्ड वुक उतारको लगत संङ्कलन गरी संरक्षणको नीति अवलम्वन गरिनेछ ।

प) पालिका भित्रका मुख्य वजारहरुमा सुरक्षाका लागि हाईमास लाईटको व्यवस्था गरिनेछ ।

फ)गाउँपालिका, वडाकार्यालय ,स्वास्थ्य संस्था र विद्यालयहरुमा ई हाजिरी लागु गरी नियमितता कायम गरिनेछ ।

## सभाका सदस्यज्यूहरु

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा आगामी आ.व. २०८२।०८३ को लागि वनेको वार्षिक वजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनवाट गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक वातावरणीय लगायत समग्र पक्षमा सुधार आई गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको अपेक्षित उपलब्धि हासिल भएको हुनेछ । प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूर्वाधारको विकास र उत्थानशीलता मार्फत गाउँपालिकाका सवल सक्षम , आत्मनिर्भर र समृद्धिको वाटो तर्फ उन्मुख हुनेछ । यसवाट सामाजिक न्याय कायम भई समतामूलक समावेशि समाज निर्माणको आधार तयार हुनेछ भन्ने अपेक्षा गरेको छु ।

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष

CamScanner

अन्त्यमा,

तलकोट गाउँपालिकाको विकास सुशासंन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय लक्ष्यलाई सहयोग पुग्ने गरी स्थानीय नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन हाम्रो मुख्य जिम्मेवारी रहेको स्मरण गराउँदै प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमूल्य सुझाव दिइ सहयोग गर्नुहुने नेपाल सरकारका माननीय मन्त्रीज्यु, प्रदेश सरकारका मन्त्रीज्यू तथा माननीय प्रदेश सभा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, निजी क्षेत्रका प्रतिनिधिहरू, शिक्षक तथा प्राज्ञिक व्यक्तित्वहरू, सबै कर्मचारी, राजनीतिकर्मी, श्रमिक वर्ग, नागरिक समाजका प्रतिनिधि, सरकारी तथा गैर सरकारी संघसंस्था , संचार जगत लगायत सबै गाउँपालिका वासी आम सर्वसाधारण दाजुभाइ दिदीबहिनी शुभचिन्तक महानुभावहरु सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्भावित मनसुनजन्य प्रकोपवाट हुन सक्ने जोखिमलाई मध्य नजर गरी पूर्व सतर्कता तथा सुरक्षात्मक उपायहरु अपनाउन सम्पूर्ण गाउँपालिका वासीमा अनुरोध गर्दै आ.व. २०८२ / ०८३ को नीति तथा कार्यक्रमको प्रस्तुति यही समाप्त गर्न चाहन्छु। धन्यवाद ॥

कलक वहादुर रोकाया
गाउँ सभा अध्यक्ष
तलकोट गाउँपालिका बझाङ

कलक बहादुर रोकाया
गाउँपालिका अध्यक्ष